# कीर्तिपुर नगरपालिका नगरकार्यपालिका कार्यालयको

## सिलबन्दी दरभाउपत्र आव्हान सम्वन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७४/६/४)

यस कीर्तिपुर नगरपालिकाको चालू आ.व. ०७४/०७५ को बार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत स्वीकृत देहायको योजना ठेक्काद्वारा गर्नु परेकोले ईच्छुक सम्बन्धित कार्यको अनुभवी, रजिष्टर्ड निर्माण व्यवसायीहरुबाट चालु आर्थिक वर्षका लागि नविकरण भएको इजाजत पत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र एवं मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, ब्यवसाय दर्ता प्रमाण पत्र लगायत अन्य आवश्यक कागजातहरु समेत संलग्न गरी देहाय बमोजिम सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।

१) दरभाउपत्र फाराम खरीद गर्नको लागि निर्माण ब्यवसायी आफै वा अधिकृत वारेसनामा सहितको व्यक्ति उपस्थित हुनुपर्नेछ ।

२) सिलबन्दी दरभाउपत्र निम्नानुसार मिति, समय र स्थानमा खरीद गरी दर्ता गरि सक्नुपर्नेछ । दर्ता भएका सिलबन्दी दरभाउपत्रहरु निजको वारेसको उपस्थितिमा नगरपालिका कार्यालयमा खोलिनेछ । निजहरु उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपपत्र खोल्न कुनै बाधा पर्नेछैन ।

३) तोकिएको मितिमा विदा परेमा विदाको भोलिपल्ट (कार्यालय खुलेको दिन) बोलपत्र फाराम खरीद गर्ने, पेश गर्ने तथा खोल्ने कार्य हुनेछ ।

४) सिलबन्दी दरभाउपत्र दाखिला गर्दा आफूले कबुल गरेको दर अंक र अक्षरमा स्पष्ट लेखी खामको बाहिरपट्टी कामको नाम लेखी प्रष्ट बुझिने छाप लगाई सिलबन्दी गरी दाखिला गर्नुपर्नेछ । अंक र अक्षरमा लेखिएको दररेट फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ ।

५) सिलबन्दी दरभाउपपत्र साथ कबुल गरेको अंकको २.५ प्रतिशत (अढाई प्रतिशत)ले हुने रकम धरौटीको रुपमा नेपाल राष्टू बैंक थापाथलीमा रहेको यस नगर पालिकाको धरौटी खाता नं. १२०४७०३-००१-०३०-५२४ मा जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको कम्तीमा ७५ दिन मान्य अवधि भएको बैङ्क जमानत (बैङ्क ग्यारेन्टी) संलग्न भएको हुनुपर्नेछ ।

६) दरभाउपपत्रमा मूल्य अभिवृद्धि कर बाहेकको दररेटमा उल्लेख गर्नुपर्नेछ ।

७) दरभाउपपत्र सम्वन्धी विस्तृत सूचना यस नगरपालिकाको सूचना पाटीमा टाँस गरिएको छ ।

८) दरभाउपपत्र सम्वन्धी अन्य कुनै पनि कुरा बुझ्नुपरेमा विदाको दिन बाहेक कार्यालय समयमा योजना शाखा/खरिद ईकाई वा फो.नं. ४३३२२०५ मा सम्पर्क राख्न सकिनेछ ।

९) दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने, आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस नगरपालिका कार्यालयमा सुरक्षित रहनेछ ।

१०) यसमा उल्लेख भए देखि बाहेकका कुराहरुको हकमा प्रचलित कानून अनुसार हुनेछ ।

**तपसिल**

| सि. नं. | कामको विवरण | ल.ई. (मु.अ.क. र कन्टेन्जेन्सी बाहेक) | दरभाउपत्र खरीद गर्ने अन्तिम मिति, समय र स्थान | दरभाउपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान | दरभाउपत्र खोल्ने मिति, समय र स्थान | दरभाउपत्र फाराम खरीद मूल्य (पछी फिर्ता नहुने) |
|---|---|---|---|---|---|---|
| १. | निर्माणाधिन न.पा. भवनमा पानी ट्याङ्की, खुड्कीला निर्माण, भऱ्याङ्ग छाप्ने लगायत अन्य फिनिसिङ्ग कार्य | रु १७,३२,१००।- | प्रथम पटक प्रकाशित मितिले १५ औं दिन कीर्तिपुर नगरपालिका कार्यालय | १६ औं दिन, दिनको १२:०० बजे सम्म कीर्तिपुर नगर पालिका कार्यालय | १६ औं दिन, दिनको ५:०० बजे, नगर पालिका कार्यालय | १०००।- |

Scanned by CamScanner